Samachar Sandesh

# समाचार सन्देश

Year 13, No.8 IPS Feature June 1-15, 2007

वर्ष १३, अङ्क ८ आई.पी.एस्. लेख रचनाको सँगालो, जेठ १८–असार १, २०६४ (जुन १ – १५, २००७)

# बर्मामा बँधुवा मजदुरका दिन फिरेनन्

– गुस्ताभो क्याप्डेभिला

जेनेभा (आई.पी.एस्./एन्.पी.आई.) – विश्व श्रम संगठन (आइएलओ) ले बर्मामा बधुँवा मजदुरको अवस्थाप्रति गम्भीर चासो राख्दै प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदनमा बधुँवा मजदुरको अवस्थाबारे विस्तारित रूपमा चित्रण गरिएको छ । दक्षिण-पूर्वी एशियाली मुलुक बर्माको जुन्टा सरकारले मजदुरको त्यस प्रकारको अवस्थाप्रति स्वीकारोक्ति पनि जनाएको छ ।

तर आइएलओको प्रतिवेदनलाई सत्य ठहऱ्याउने जुन्टा सरकारले सुधारात्मक कुनै कदम भने चालेको छैन । सैनिक जुन्टा सरकारले नाम फेरेर म्यानमार बनाएको सो मुलुकमा मजदुरको अवस्था दयनीय रहेको आइएलओका कार्यकारी निर्देशक कारीतापी ओलाले आईपीएसलाई जानकारी गराए ।

आइएलओको निरीक्षण आयोगको सुझावलाई जुन्टा सरकारले ध्यान दिएको छैन, अन्तर्राष्ट्रिय नियोगको प्रतिवेदनमा जनाइएको छ । बर्मामा सबैतिर बधुँवा मजदुर देखिन्छन् । खासगरी सेनाका व्यक्तिले बधुँवा मजदुर राख्ने गरेका छन्, आइएलओद्वारा अन्तर्राष्ट्रिय श्रम सम्मेलनका लागि मापदण्डको कार्यान्वयन विषयमा तयार पारिएको प्रतिवेदनमा भनिएको छ । वार्षिक रूपमा तीन हप्तासम्म चल्ने सो कार्यक्रममा उक्त प्रतिवेदन सार्वजनिक गरिएको थियो ।

१९८९ मा लण्डनस्थित अधिकार अनुगमन संस्था एम्नेस्टी इन्टरनेशनलले पहिलो पटक बर्मामा दशौं हजार व्यक्तिहरू बधुँवा मजदुरको शिकार भएको खुलासा गरेको थियो ।

तर झण्डै १० वर्षपछि १९९८ मा 'जब म यहाँ आएँ, त्यस बेला पनि बर्माले आफ्नो मुलुकमा बधुँवा मजदुर छैनन् भनेर दाबी गरिरह्यो,' आइएलओका महानिर्देशक जुआन सोमाभिया आईपीएसलाई जानकारी गराउँछन् ।

आखिरमा सैनिक सरकारले मुलुकमा बधुँवा मजदुर रहेको त स्वीकार गऱ्यो तर सुधार गरेन । तीन पक्ष सरकार, मजदुर र व्यवसायीको प्रतिनिधित्व हुनेगरी एक समिति गठन गरेर सैनिक सरकारलाई दबाब दिने काम भने भएको छ ।

सोमाभियाका अनुसार जब जुन्टा सरकारले आइएलओलाई बर्मामा कार्यालय खोलेर बधुँवा मजदुरबारे अनुगमन गर्न अनुमति दियो तब पीडितहरू आ-आफ्ना गुनासा बोकेर कार्यालयमा लाइन बस्न थाले ।

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

दुई वर्षअघि एक सैनिक खेमाले अर्को सैनिक खेमाबाट सत्ता खोस्ने बेलामा मजदुरको अवस्था अझ बढी गम्भीर थियो। बर्मामा दुईवर्ष अघि सेना भित्रकै अर्को खेमाले सत्ता खोसेको थियो, उनले भने ।

आइएलओको कार्यकारी समितिले गएको नोभेम्बरमा सार्वजनिक गरेको प्रतिवेदनअनुसार उसले बधुँवा मजदुरको समस्या हटाउन हरसम्भव प्रयास गरेको छ । तर, सफलता हात लागेको छैन । आइएलओले सो प्रतिवेदन संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्लाई बुझाएको थियो । त्यस समयमा सैनिक सरकारले बधुँवा मजदुर कायम राख्ने नीति भने नलिएको खुलासा आइएलओसमक्ष गऱ्यो, सोमाभियाले भने ।

आइएलओ र जुन्टा सरकारले सैनिक सजायका रूपमा मजदुरलाई बधुँवा बनाएर राखिएको कुराको भने प्रतिवाद गरेका छन्। हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा सल्लाह-अभिव्यक्ति दिँदै आइएलओले सो प्रतिवाद गरेको हो ।

'त्यस महत्वपूर्ण मुद्दामा हामीले सम्झौता गरेका थियौं,' तापीओला २६ फेब्रुअरीमा उजुरी प्रक्रियामा सहमति गरेको जानकारी गराउँदै भन्छन्- सो सम्झौता हामीले पढेका छौं । त्यसमा के लेखिएको छ हामीलाई थाहा छ। अन्तर्राष्ट्रिय अदालतमा सल्लाह-अभिव्यक्ति दिन हामी त्यहाँ पुगेका थियौं ।

'अन्तर्राष्ट्रिय अदालतको प्रश्न के थियो भने सरकार अन्तर्राष्ट्रिय रूपमा आधिकारिकता पाएको निकाय हो र हामी पनि अन्तर्राष्ट्रिय रूपमै प्रसिद्धि पाएको निकाय हौं । हामीले व्यक्तिलाई बधुँवा मजदुरका बारेमा उजुरी दिने व्यक्तिलाई सजाय गरिनुहुन्न भनेर, दवाव दियौं । तापीओलाले भने ।

सोमाभियाका अनुसार आइएलओ कार्यकारी समितिले दवाव दिएकोमा सरकारले प्रतिक्रिया देखायो तरपनि आइएलओलाई अनुगमनका लागि ढोका भने खोलिदियो जसले गर्दा बधुँवा मजदुरहरू सरकारलाई सतर्क गराउन आइएलओ कार्यालयसम्म आउने अवस्था बन्न सक्यो। उजुरी सुन्ने कार्य मार्च महिनाबाट शुरु भएको हो, उनले भने ।

महानिर्देशक म्यानमारमा रहेको प्रजातान्त्रिक शक्तिलाई सघाउने कार्य आइएलओले गरेको बताएँछन् । आइएलओले आफ्नो तर्फबाट गर्नसक्ने स्तरसम्मको कार्य गर्न बाकी राखेको छैन, उनी भन्छन् ।

'आइएलओ र म्यानमार बीचको सम्बन्ध अहिले परीक्षण कालमा रहेको छ । हामी बधुँवा मजदुरका तर्फबाट आएका उजुरी बुझ्छौं र हामीलाई बढी गम्भीर लागेका मुद्दा पुनः सरकारलाई नै फर्काएँछौं । सरकारले सुधारात्मक उपायहरू अवलम्बन गरोस् भन्ने आशयले हामीले त्यसरी मुद्दाको जानकारी दिएका हौं,' तापीओलाले भने ।

'सरकारले केही मुद्दामा अनुगमन सुरु गरेको पनि देखिएको छ । बधुँवा मजदुर राख्ने व्यक्तिलाई पक्राउ गरेर सरकारले जेलमा पनि हालेको छ । तर यो पछिल्लो दृश्य मात्र हो, हेर्दै जाऊँ, आगामी दिनमा सरकारले कस्तो नीति अख्तियार गर्छ,' उनले भने ।

व्यक्तिलाई जबरजस्ती काममा लगाउने सम्बन्धमा १९३० मा तयार पारिएको महासन्धिको धारा २९ मा र १९५७ मा तयार पारिएको महासन्धिको धारा १०५ मा 'कुनै सजायको धम्की दिएर कुनै व्यक्तिलाई काम गराउने वा सेवा लिने कार्यलाई बधुँवा मजदुरी भनिन्छ, तर स्वेच्छाले कसैको काम गर्नुलाई भने दवावपूर्ण मजदुरी भनिदैन ।

२००५ मा आइएलओले प्रकाशित गरेको प्रतिवेदनमा विश्वमा १ करोड २३ लाख बधुँवा मजदुर रहेको जनाइएको थियो । त्यसमध्ये ९८ लाख मजदुर दलालद्वारा स्वदेशमै जबरजस्ती काममा लगाएको, २४ लाख मजदुर सीमा पार गराएको र २५ लाख सरकार तथा विद्रोही समूहले जबरजस्ती काममा लगाएको खुलासा गरिएको थियो ।

आइएलओका अनुसार विश्वका सबैजसो मुलुकमा जबरजस्ती काममा लगाउने कार्य हुने गर्दछ । पूँजीवादी होस् वा साम्यवादी अर्थतन्त्र होस् दुवैमा बधुँवा मजदुरी देखिन्छ । खासगरी परम्पराको नाममा दबाबपूर्ण श्रम कायम रहेको छ । मजदुरहरू मालिकका हिडडुल गर्ने सम्पत्तिसरह दासको जीवन जिइरहेका छन्, प्रतिवेदनमा भनिएको छ ।

बधुँवा मजदुर वा जबरजस्ती काम गर्न बाध्य पारिएका मजदुरहरूको परिमाण ठूलो छ । दक्षिणी अमेरिकाका आदिवासी जनता बधुँवा मजदुरको जीवन बाँचिरहेका छन् । एशियाका विभिन्न क्षेत्रहरूमा दासप्रथा अझै कायम छ । युरोप र उत्तर अमेरिकामा कामको खोजीमा पुगेका महिला तथा बालबालिका यौन तथा श्रम शोषणको शिकार भएका छन्, आइएलओले खुलासा गरेको छ ।

# मृत्युदण्डको प्रतीक्षामा रहेका बन्दीमा थप चिन्ता

– सुभेन्द्रिनि काकुची

टोकियो (आई.पी.एस्./एन्.पी.आई.) – जापानी डिएट (संसद) मा छलफलको क्रममा रहेको विधेयक मृत्युदण्डको प्रतीक्षामा रहेका व्यक्तिहरूसँग सम्बन्धित छ । मृत्युदण्डको विपक्षमा रहेका अधिकारकर्मीहरूले यस विवादको जरो नै उखेल्नु पर्ने धारणा व्यक्त गर्दै विधेयकप्रति चासो देखाएका छन् ।

'संसदमा बहसको विषय बनेको मृत्युदण्डसम्बन्धी छलफलमा मृत्युदण्डलाई वैधता प्रदान गर्नुभन्दा यस प्रकारको सजाय नै खारेज गर्नुपर्ने धारणा प्रकट गरिएको छ । यस प्रकारको अभियानसँग मलाई डर लागिरहेको छ । यदि मृत्युदण्डको प्रतीक्षामा रहेका व्यक्तिहरूलाई लामो समयसम्म नपर्खाई तत्कालै सजाय दिने प्रस्ताव पारित भएमा नृशंस सजायको दृश्य देख्नुपर्नेछ,' मानव अधिकारकर्मी अधिवक्ता केही इटोह आईपीएसलाई बताएँछन् ।

इटोह हालै मात्र मृत्युदण्डको सजाय पाएका ८१ वर्षीय मासारु ओकुनिसीको सजाय उल्टाउन वहस गर्ने व्यक्ति हुन् । मासारुले ३७ वर्षसम्म लगातार हत्याका पाँच अभियोगहरूको खण्डन गरिरहे । ओकुनिसीलाई श्रीमतीको हत्या गरेको, श्रीमतीका प्रेमी र तीन अरु व्यक्तिलाई रक्सीमा विष मिसाएर मारेको अभियोग लागेको थियो ।

ओकुनिसीका तर्फबाट पाँच विन्तिपत्र दाखिल गरिएका थिए जसमा पर्याप्त प्रमाणको अभाव देखाएँदै मृत्युदण्डको सजाय फिर्ता लिइदिन पनि आग्रह गरिएको थियो । तर अहिले ओकुनिसी मृत्युदण्डको सजायको प्रतीक्षामा छन् । यद्यपि इटोहले उनको मुद्दा पूर्णरूपले उल्ट्याउने प्रयास गरिरहेका छन् ।

जापानी संसदमा चलेको बहसमा अभियोगको छानबिनका पक्षमा जोड दिइएको छ । ७७ वर्षीय इसाहो ओकामुरा अधिबक्ता तथा स्वयं अभियोगका शिकार व्यक्ति हुन् । १९९९ को अक्टोबर महिनामा उनकी श्रीमतीको हत्या भएको थियो । ओकामुरा अहिले टोकियोस्थित अपराध पीडित तथा मृत्युदण्डको सजाय पाएका व्यक्तिको परिवारको राष्ट्रिय संगठनका प्रमुख छन् । यस संगठनमा तीनहजार भन्दा बढी परिवारको प्रतिनिधित्व रहेको छ । यस संगठनको विचारमा जापानमा अभियुक्तमाथि दुर्भावनापूर्ण व्यबहार हुने गर्दछ ।

ओकामुराले २००१ मा श्रीमतीको हत्या गरेको अभियोगमा मृत्युदण्डको सजाय पाएका थिए तर सो सजाय जन्मकैदमा रूपान्तरण गरिएको थियो । 'सो फैसला मेरा लागि स्वीकार्य थिएन । एक श्रीमान् तथा अधिवक्ताका हैसियतले मैले सो फैसलाको विरोध गरें,' उनले हालै प्रकाशित एक अखबारमा अन्तरवार्ता दिंदै भनेका छन् ।

आरोपित व्यक्तिहरू प्रायः शोकमग्न देखिन्छन् र उनीहरूलाई अदालतमा आफ्नो सफाई प्रस्तुत गर्न पनि दुरुत्साहित गरिन्छ, संगठनका प्रवक्ता तथा पूर्व कानुन व्यवसायी सुनेओ मात्सुमोरा आईपीएसलाई जानकारी गराउँछन् ।

'अभियुक्तलाई अदालतमा मुद्दा सुनुवाई हुँदा केही पनि बोल्न दिइँदैन । उनीहरू मुद्दाको कारवाही टुलुटुलु हेरिरहेका हुन्छन् । पक्ष-विपक्षका वकिलबीच बहस चलिरहन्छ । हामी अभियुक्तले पनि आफ्नो सफाइमा बोल्न पाउनुपर्ने प्रस्तावको स्वागत गर्दछौं । उनीहरूले सार्वजनिक रूपमा आफ्नो कुरो भन्न पाउनु पर्दछ,' उनले भने ।

मुद्दाको सुनुवाई हुँदा न्यायाधीश सर्वाधिक शक्तिशाली व्यक्ति हुन्छ । उसले यथार्थ जानकारीका लागि जोसुकैलाई पनि बोल्न दिन पाउनु पछ्र । तर, अधिवक्ताहरूले आफ्नो दलिललाई चुनौती दिने व्यक्तिलाई कठघरामा खडा गराउन चाहँदैनन् ।

जापानी संसदमा चलिरहेको बहस कानुन बनेर बाहिर आयो भने स वतन्त्र न्याय प्राप्तिको सम्भावना घट्छ भन्ने कुरामा उनी विश्वास गर्दैनन् । अभियुक्तलाई अधिवक्ताको अनुमति पाएपछि मात्र प्रमाण

प्रस्तुत गर्ने अवसर दिइनु बस्तुगत कार्य हो, उनले भने ।

तर धेरै विज्ञहरूको धारणा के रहेको छ भने संसदको वहसको विषय बनेको नयाँ प्रस्ताव पारित भएमा विश्वका अधिकांश मुलुकहरूमा जस्तै जापानमा पनि अभियुक्तका विरुद्ध कानुनी अभ्यास चल्नेछ । औद्योगिक विश्वका थोरै मुलुकहरूमध्ये जापान पनि पर्न आएँछ । यसले मृत्युदण्डलाई कायम राखेको छ। गएको क्रिसमस दिवसमा जापानमा चार व्यक्तिले मृत्युदण्ड पाएँ । बौद्ध धर्माबम्वी कानुन मन्त्रीले मृत्युदण्डको आज्ञापत्रमा हस्ताक्षर गर्न नमानेका कारण पन्ध्र महिनासम्म सजाय स्थगित हुन पुगेको थियो ।

मृत्युदण्डको सजायविरुद्ध सक्रिय सुजोइनोयु ज्यानलिने हदसम्मको सजाय कठोरताको उदाहरण हो, त्यसैले सो सजायको विरोध गरिनु पर्छ भन्छन् । इनोयु मात्र यस्ता कार्यकर्ता हुन् जसले ओकुनिसीलाई भेट्ने अवसर पाए। पेटमा क्यान्सर भएका कारण अप्रेशनपछि निकै कमजोर बनेका ओकुनिसी आजपनि आफू निर्दोष रहेको प्रमाणित गरेर मात्र मर्ने दावी गर्दछन्। अधिकांश सर्वसाधारण नागरिकले उनीप्रति सहानुभूति प्रकट गर्दै उत्साह थप्ने चिठी पठाउने गरेका छन् ।

'ओकुनिसी अभियोगको पीडाले छटपटाइरहेका व्यक्ति हुन् । उनीजस्तै उनको परिवार पनि चिन्तामा छ,' इनोयुले भने- अत्यन्त चर्चित मृत्युदण्डको मुद्दामा दोषी करार गरिएका व्यक्तिका निर्दोष परिवारको बेवास्ताप्रति मेरो ध्यानाकर्षण भएको छ । ओकुनिसीका दाजुभाइ तथा आमाबाबुले समाजबाट अत्यन्त ठूलो तिरस्कार र अपमान भोग्नु परेको जानकारी गराए। समाजले निरन्तर लखटेका कारण उनी बेनाम व्यक्ति बनेर अर्कै शहरमा बस्न थालेका छन् ।

मृत्युदण्डको सजायका विरोधीहरूले व्यापक रूपमा सार्वजनिक बहसका लागि सबैलाई आह्वान गरेका छन्। मृत्युदण्डको सजायसम्बन्धी पद्धति कानुन बनेर बाहिर आउनुअघि यस विषयमा गम्भीर छलफल हुनुपर्ने उनको धारणा रहेको छ ।

'जापानमा मृत्युदण्डको सजाय पाउने व्यक्तिहरूको अवस्था उनीहरूमाथि हुने कारबाहीका कमजोरीका विषयमा जनता( लाई सचेत गराउनु आवश्यक छ। प्रहरीको यातना शिविरमा कुनै व्यक्तिले मृत्युदण्डको कबोल गरे तापनि त्यो सही नहुन सक्छ,' रित्सुमिका विश्वविद्यालयका राजनीतिक शास्त्रका प्राध्यापक हिरोयुकि इटहो भन्छन्। उनले मृत्युदण्डको मुद्दालाई अझ बढी खुला रूपमा उठाउने मानसिकता बनाएका छन् ।

मार्च महिनामा अवकास प्राप्त न्यायाधीश नोरिमिची कुमामोतोले गरेको मृत्युदण्ड सम्बन्धी फैसलालाई जापानी सञ्चार माध्यमले निकै महत्व दिए । कुमामोतो तथा उनका दुई साथीहरूले इवायो हाकामादा नामका व्यावसायिक मुक्केबाजका विरुद्धको सजायलाई अगि बढाएका थिए । हाकामादाको १९८० को नोभेम्बरमा भएको हत्याको अभियोगमा उनलाई मृत्युदण्डको सजाय दिन अभियोग प्रमाणित गर्न पर्याप्त प्रमाण नपुगेका कारण अलमल परेको जानकारी कुमामोतोले अखबारलाई दिएका छन् ।

'सामान्य रूपमा सर्वसाधारण व्यक्तिविरुद्ध हत्याको अभियोग लागेमा प्रतिवाद गर्न गाह्रो पर्दछ । कानुनी प्रक्रिया पूरा गर्न नसकेकै कारण उनीहरू कठोर सजायका भागीदार हुनपुग्छन् । इटोले संसदमा छलफल भैरहेको विषयमा सांसदहरूको ध्यानाकर्षण गर्ने मानसिकताका साथ भने- प्रतिरक्षामा बहस गर्ने अधिवक्ताहरूले यस सवाललाई गम्भीर रूपमा ग्रहण गर्नु आवश्यक छ ।

जापानमा मृत्युदण्ड खारेज गर्ने कुराका विरोधीहरूले कठोर धारणा प्रकट गर्दै आएका छन् । संसदमा बहसको विषय बनेको मुद्दाका विपक्षीहरू पनि यही धारणा प्रकट गर्दछन्। फेब्रुअरी २००५ मा सम्पन्न मृत्युदण्डसम्बन्धी सरकारी मत सर्वेक्षणमा ८० प्रतिशत जापानीले सो सजायको पक्षमा मतदान गरे । हालै अत्यधिक चर्चामा आएको हत्याले मृत्युदण्डको पक्षमा रहेका व्यक्तिलाई सघाउ पुऱ्यायो । सरकार मृत्युदण्ड हटाउने पक्षमा रहेको संकेत देखिए पनि जनमतका कारण उसले निर्णय लिन सकिरहेको छैन, इटो भन्छन् ।

झण्डै ८ वर्षअघि एक १८ वर्षीय पुरुषले श्रीमती र सानी छोरीको हत्या गरेको मुद्दा आजपनि चर्चामा छ । हिरोसी मोटोमुरा नामको सो व्यक्तिलाई २६ वर्षको उमेर पुगेपछि आज आएर मृत्युदण्डको सजाय आजीवन काराबासमा बदल्ने व्यापक माग हुँदाहुदै पनि फाँसिको फन्दा लगाइएको छ। यस सम्बन्धमा हिरोसिमा उच्च अदा( लतले सजायको पुनराबलोकन गर्ने निर्णय लिएको छ ।

'मृत्युदण्डको सजाय पाएका व्यक्तिले आफ्नो सफाइमा अदालतसमक्ष दलील पेश गर्न पाउनुपर्ने प्रस्तावले आजसम्म पनि ऐनको रूप लिन सकेको छैन। आज संसदमा चर्चाको विषय बनेको यस मुद्दाले कानुनको स्वरूप ग्रहण गर्न अर्को दुई वर्षको समयावधि लिनेछ, इटोहले भने ।

# मलेसियामा मानव तस्करी

– बरदान कुप्पुसामी

कोलालम्पुर (**आई.पी.एस्./एन्.पी.आई.**) – मलेसियाका लागि असामान्य भन्ने कुरा केही छैन । बर्मा उत्तर कोरिया र इरानको अवस्थाभन्दा मलेसियाको अवस्था राम्रो नै छ । तर, अमेरिकाको दृष्टिमा मानव तस्करी, बधुँवा मजदुर, यौन व्यापार र बालवेश्या वृत्तिमा मलेसिया बदनाम रहेको जनाएको छ ।

मलेसियाले उसप्रति अमेरिकाले गरेको टिप्पणीको कडा प्रतिबाद गरेको छ । उसले अमेरिकालाई विना कारण आरोप लगाउने कारबाही चलाउने र फैसला गर्ने मुलुकका रूपमा चित्रण गरेको छ । 'अमेरिकाको आरोप सबै गलत हो । त्यसमा कुनै सत्यता छैन । हामी त्यस आरोपको कडा शब्दमा प्रतिबाद गर्दछौं,' विदेश मन्त्री सेड हामीद अल्बारले भने ।

तर, प्रतिपक्षी सांसद तथा मानव अधिकारकर्मीहरू भने मलेसियामा मानव अधिकार विरुद्धमा भएका गतिविधिलाई नै हेरर अमेरिकाले आरोप लगाएको दाबी गर्दछन् । 'प्रतिवेदन नकारात्मक रहेको कुरामा शंका छैन । मलेसियाको मानव अधिकारको अवस्था कमजोर रहेको र त्यसकै कारणले मुलुकको छवि धुमिल भएको छ । प्रतिवेदनले आप्रवासी कामदार प्रतिको व्यवहार र तस्करीको शिकार व्यक्तिहरूका सम्वन्धमा खुलासा गरेको छ,' प्रतिपक्षी खेमाका सांसद टेरेसा कोकले भनिन् ।

'प्रतिवेदनमा जुन कुरा उठाइएको छ । त्यसलाई पचाउन सजिलो छैन भन्ने हामीले बुझेका छौं । हाम्रो छवि सुधार गर्न प्रयास थाल्नु आवश्यक छ । मानव अधिकार प्रचारक तथा आप्रवासी कामदारका मुद्दामा काम गर्दै आएका कोक जानकारी गराउँछन् । आईपीएसलाई अन्तरवार्तादिदै उनी भन्छन्- हामी कहाँ २० लाख आप्रवासी कामदार छन् उनीहरू मध्ये धेरै जसो मानवतस्करीका रूपमा यहाँ आइपुगेका हुन । उनीहरू बाँच्नका लागि कठोर काम गर्दछन् । उनीहरूको मानव अधिकारप्रतिको सम्मान एकदशकपछि मात्र हामीबाट हुने सम्भावना छ ।

'आप्रबासी कामदार माथिको हाम्रो व्यवहार लज्जाजनक छ,' उनले भनिन् । संसदमा प्रतिपक्षीदलका नेता लिमकिट सियाङ्गले सरकारलाई आप्रवासी कामदारको अवस्थाको सन्दर्भमा एकसाता भित्र जवाफ दिन चुनौति दिएका छन् । उनले यसकार्यलाई 'डरलाग्दो हस्तान्तरण,' को संज्ञा दिएका छन् । आप्रबासी कामदार र विदेशबाट यहाँ आएका व्यक्तिको अधिकार खोसिएकोमा सरकारले आफ्नो धारणा सार्वजनिक गर्नु पर्छ भन्ने जिकिर उनको रहेको छ ।

'यदि सरकारले साच्चिकै अमेरिकाले तयार पारेको प्रतिवेदन गलत रहेको प्रमाणित गर्न सक्दछ भने त्यसकुरालाई संसदसम्म ल्याउन किन हिचकिचाउने ? मुलुकको यथार्थ अवस्था संसदमा प्रस्तुत गर्ने हो भने अमेरिकी विदेश विभागको प्रतिवेदन स्वत: खारेज हुनेछ,' लिमले आईपीएसलाई भने ।

'प्रतिवेदन एकपक्षीय मात्र देखियो भने त्यसको विश्वसनीयतामा आँच आउँछ । मलेसियाले प्रतिवेदन एकपक्षीय रहेको टिप्पणी गर्नु गम्भीर सवाल हो । यसलाई हल्का रूपमा मात्र हेरिनु हुन्न,' लिम भन्छन्, हाम्रा सांसदहरूले मुलुकको यो अवस्था कसरी भयो, यथार्थ जानकारी पाउनै पर्छ ।

मानव तस्करी प्रतिवेदन २००६ नामकरण गरिएको सो रिपोर्टमा बर्मा, इरान, उत्तरकोरिया, सिरिया लगायतका एकदर्जन मुलुकको मानवअधिकारको स्थितिको समीक्षा गर्दै 'निकै खराव अवस्था' भनी टिप्पणी गरिएको छ ।

२३६ पानाको सो प्रतिवेदन जुन महिनाको पहिलो तारिखमा अमेरिकी विदेशमन्त्री कोन्डोलिजा राइसले वासिँगटनमा सार्वजनिक गरेकी हुन । सो प्रतिवेदनका अनुसार मलेसियामा करिब २० लाख आप्रवासी कामदार रहेको जनाइएको छ । मलेसियामा रहेका आप्रबासी सबै कामदारको अध्यावधिक तथ्याङ्क छैन । त्यहाँ मानवतस्करीका विरुद्ध खास प्रयास भएको पनि पाइदैन, प्रतिवेदनमा उल्लेख गरिएको छ ।

राइस भन्छिन् 'मानव तस्करीका मुद्दामा अदालती कारबाही गर्न प्रमाण जुटाउन समस्या छ' विश्वमै मानव तस्करीका मुद्दामा यही समस्या देखिन्छ । 'निकै थोरै मुद्दाहरूमात्र अदालतमा पुगेका उदाहरणहरू पाइन्छन्,', उनको भनाइ भन्दै सञ्चार माध्यमले जनाएका छन्- यस्तो अवस्थालाई स्वभाविक ठान्न र सहन गर्न सकिन्न । मलेसिया तथा अन्यत्रको अवस्था देखाउँदै राइसले कमजोर कानुनका कारण

निजी घर र कार्यालयहरूमा आप्रवासी कामदार अठगिएको जानकारी गराउँछन्। प्रतिवेदनले संसदद्वारा मानव तस्करी विरुद्धको कानुन प्रस्तुत गरेको जनाएको छ । संसदले पहल थालेपनि मानव तस्करी निमूर्ल गर्न कुनै प्रकारको काम भएको देखिदैन' ।

मलेसियाले मानव तस्करीमा संलग्न हुने व्यक्तिलाई कारबाही चलाएको छैन । पीडितलाई बसोबास र सामाजिक सेवा दिने तथा आप्रवासी कामदारलाई स्वएच्छिक किसिमले अगाडी आउने स्थिति सृजना गर्न सकिएको छैन । 'सरकारले विदेशी कामदार जो तस्करीको शिकार भएका छन्, प्रति संरक्षणको प्रयास थालेको छैन । जबकि यस प्रकारको कार्य गर्ने प्रतिवद्धता सरकारले २००४ मा व्यक्त गरेको थियो,' प्रतिवेदनले उल्लेख गरिएको छ ।

'पीडितको पहिचान गर्ने पद्धतिको विकास नगरी सरकारले मानव तस्करीमा परेका व्यक्तिलाई गैरकानुनी आप्रवासीको संज्ञादिएर पक्राउ गर्ने, जेलहाल्ने र उनीहरूको आफ्नो देशमा फर्काउने कार्य गर्दै आएको छ', प्रतिवेदनमा भनिएको छ ।

क्षेत्रीय आर्थिक नेतृत्व समाल्ने विकसित मुलुकको निकट पुगेको मलेसियामा स्रोत साधन र सरकारको संरचना सवल देखिन्छ । तर सरकारले मानव तस्करीको सवाललाई उठाउन सकेको छैन ।

मलेसियामा प्रभावशाली देखिएको बलजफ्ति काममा लगाउने र यौन व्यवसायका लागि मानवतस्करी गर्ने समस्या छ त्यसको समाधानका लागि बलियो राजनीतिक इच्छाशक्तिको आवश्यकता छ,' मलेसियाका विषयमा प्रतिवेदनले लामो व्याख्या गर्दै भनेको छ ।

गतवर्ष मलेसिया अन्तर्राष्ट्रिय रूपमा तस्करीमा परेका व्यक्तिको रक्षा र मानव तस्करी नियन्त्रण गर्ने सहमति 'टायर टु वाचलिस्ट,' मा समावेश भएको हो ।

'यो चेतावनी मात्र थियो,' प्रभावशाली अधिकारकर्मी समूह पेनागामिताका कार्यक्रम संयोजक आजिल अर्न्नानडे भन्छन् ।

मलेसियाले मानवतस्करीको अवस्थामा सुधार नल्याउने हो भने यो टायर थ्रिको सूचिमा पर्न सक्छ । यसैले नै मलेसियाले संसदमा मानवतस्करीको विपक्षमा विधेयक ल्याएको हो । सो विधेयक अनुसार मानवतस्करलाई २० वर्ष जेल सजाय दिने प्रावधान राखिएको छ । साथै तस्करीमा परेका बालबालिका तथा महिलालाई बसोबासको व्यवस्था मिलाउने र तस्करीमा परेका व्यक्तिलाई गैरकानुनी आप्रवासी नमानिने प्रावधान पनि समावेश गरिएको छ । तर यसका लागि पीडितले सहायता र सहयोग पाउनु भने आवश्यक हुन्छ । कसैको सहायता नभएसम्म उनीहरू यस अधिकारको सदुपयोग गर्न सक्ने अवस्था रहँदैन ।

यस विधेयक अनुसार पीडितको संरक्षण त हुने छ नै साथमा दोषीले सजाय पनि पाउने छ । पीडितलाई पिडकबाट क्षतिपूर्ति भराउने प्रावधान पनि निर्माणाधिन कानुनमा व्यवस्था गरिएको छ ।

अधिकांश महिला आप्रवासीहरू पीडित देखिन्छन् । खासगरी छिमेकी मुलुक इण्डोनेसिया, थाइल्याण्ड, क्याम्बोडया र फिलिपिन्सका व्यक्तिहरू तस्करीको शिकार बनेका छन् । उनीहरू यौन दाशी र बधुँवा मजदुरका रूपमा कार्यरत छन् । मलेसिया यस्ता महिलाका लागि अध्यागमन केन्द्र बन्न पुगेको छ । युरोप पुग्ने उद्देश्यले हिंडेका महिलाहरू मलेसियामा आएर अड्किने गरेका छन् ।

पेनागामिता जस्ता गैर सरकारी संस्थाहरूका अनुसार प्रतिवेदनले सरकारलाई सकारात्मक दिशामा अगिबढ्न वा सुधारगर्न प्रोत्साहित गरेको छ । कसैको गल्ति कमजोरी देखाउनु त्यस अवस्थाबाट मुक्ति दिलाउने अभ्यास नै हो । उनीहरूले भ्रष्टाचारको पनि आरोप लगाएका छन् । 'कार्यालयमा हुने भ्रष्टाचार नै समस्याको चुरो हो । त्यसै कारणले गर्दा यहाँ मानवतस्करीले प्रोत्साहन पाएको हो,' तेनागामिताका फर्नान्डेज भन्छिन् ।

'किन यत्रतत्र मानवतस्करी भैरहेको छ र यस सम्बन्धमा कारबाही किन हुन सकिरहेको छैन' उनी आईपीएसलाई प्रश्नबाचक जवाफ दिन्छिन् । किनभने भ्रष्टाचारमा लिप्त अधिकारीहरू मानव तस्करीभएको देख्दैनन् । अर्थात् घुसले उनीहरूको आँखा टालिदिएको हुन्छ ।

फर्नान्डेजका अनुसार नागरिकमा चेतनाको कमिका कारण पनि यस समस्याले प्रोत्साहन पाएको हो । आप्रवासी कामदार र तस्करीमा परेका व्यक्तिका क्षेत्रमा कार्यरत मानवअधिकार कर्मी अधिकारीहरूमा पनि यस समस्याको सघन जानकारी देखिदैन 'यस क्षेत्रमा आलस्यता र व्यवास्ताको राज चलेको छ । यस क्षेत्रमा प्रयोग गर र फालको मानसिकता र संस्कृति चलेको छ', उनले भनिन् - यहाँ कुनै स्थीर नीति नै छैन, हरेक कुरा तदर्थ रूपमा र प्रतिशोधात्मक रूपमा चलिरहेको छ ।

प्रतीपक्षका सांसद तथा अधिकार कर्मीहरूका अनुसार मानवतस्करी, 'शोषण तथा आधुनिक स्वरूपको दासप्रथाको अन्त्यगर्न विहंगम अबधारणायुक्त कानुनको आवश्यकता छ त्यसले मानव तस्करीसँग सम्बन्धित सम्पूर्ण पक्ष समेट्न सक्नु पर्छ । 'यसका लागि सरकारसँग राजनीतिक इच्छाशक्ति हुनु आवश्यक छ । संसदमा पुगेको मानव तस्करी नियन्त्रण विधेयक पारित हुनु त आवश्यक छ नै साथमा त्यसको कार्यान्वयन हुनु पनि उत्तिकै आवश्यक छ,' फर्नान्डेजले भनिन्

# घेराबन्दीमा परेको सांघाई

– अन्तोअनेटा बेज्लोवा

सांघाई (आई.पी.एस्./एन्.पी.आई.) – यस सहरका केही मान्छेहरू पहिला आफ्नो भविष्य समुद्रको उर्लंदो छालले परिभाषित गर्छ भनेर सधैं कल्पना गर्दथे । तर कल्पना र अनुमान किन पूरा हुन्थ्यो । डरलाग्दो जलवायु परिवर्तनले सबैका अनुमान विफल गराइदियो । यस शहरलाई समुद्री पानीले हायलकायल बनायो । चीनको ज्यादै विकसित सहरको जादुमयी छविले दुनियाँको कल्पनालाई समाहित गर्न सकेन ।

तर, सांघाईका वासिन्दा हार मान्ने खालका भने छैनन् । खराबीप्रति दृढ अठोटका साथ लड्ने चिनियाँहरूको बानी हो । भूमण्डलीय उष्णतासितको कठिन लडाई जित्न चिनियाँहरू समयविरुद्धको दौडमा सामेल हुन्छन् भन्ने कुरा सहरका मेयर तथा स्थानीय विशेषज्ञलाई थाहा छ ।

'समुद्री सतह बढेको तथ्य विवादरहित छ' संघाई टोङ्जी युनिभर्सिटीको स्कुल अफ ओसियन एण्ड अर्थ साइन्सका प्राध्यापक फेङ होङ्बो भन्छन् 'हामीले यसको खास कारण खोज्न लामो समय काम गर्‍यौं तर, सांघाईसामु देखापरेको खतराको सन्दर्भमा चाहिँ हामीसँग थोरै समय छ । यसलाई हामीले ज्यादै गम्भीर रूपमा लिनुपर्छ ।'

सांघाईले सामना गर्नुपर्ने परिस्थिति ज्यादै प्रशंसित वातावरणीय वृत्तचित्र 'अपत्यारिलो सत्य' मा प्रस्तुत गरिएजस्तो डरलाग्दो चाहिँ नहुन सक्छ । उक्त वृत्तचित्रमा अमेरिकी उप-राष्ट्रपति अल गोरले सांघाई सहर समुद्रमा डुब्ने चेतावनी दिएका छन् । तर, यसले अहिले नै पनि गम्भीर खालको प्रतिरोधी उपाय अपनाएको छैन । समुद्री भेल रोकथाम गर्न जलद्वार (वाटर गेट) निर्माण गर्नेदेखि लिएर सबै तटीय क्षेत्रमा तटबन्ध खडा गर्नेसम्मको कार्य सम्पन्न गर्न समुद्री विशेषज्ञहरूले आग्रह गरिसकेका छन् ।

सांघाई डुबानमा पर्ने बिनासकारी भविष्यवाणीप्रति फरक प्रतिक्रिया जनाउने प्रतिनिधिपात्र स्थानीयवासी हु याङ हुन् । उनी भन्छन् 'यी सबै वैज्ञानिक भविष्यवाणीबारे ढुक्क हुन ज्यादै कठिन छ तर, वास्तवमै समुद्र धेरै बढेर आयो भने सामान्य पर्खालले हामीलाई मद्दत गर्दैन ।'

अझै पनि संघाईका नेताहरूले आँटेको कुरा, बढ्दै गइरहेको बाढी र भूक्षय रोक्ने अवरोध नभएर तटीय भूक्षय, याङ्से नदीको सामान्य पानीमा नुनिलो पानीको मिसावट, आँधीले ल्याउने ठूलठूला छालजस्ता समुद्री पानीका बिनासकारी असर कम गर्ने हो ।

यो समाधान नै गर्न नसकिने समस्या हो जसले एक करोड ८० लाख मानिसको बसोबास रहेको घना सहरको ज्यादै महत्वपूर्ण सहयोगी हात (लाइफलाइन), नगरमा भइरहेको निरन्तर वृद्धि धान्न समुद्रबाट प्राप्त गरिएको भूमि, लाई खतरामा पारेको छ ।

भूमण्डलीय उष्णताको परिणामबाट सर्वाधिक दुष्प्रभाव कसलाई पर्छ भन्नेमा वैज्ञानिकहरू नै मतभिन्नतामा छन् । राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समिति (आइपीसीसी) ले गत अप्रिलमा सार्वजनिक गरेको प्रतिवेदनमा हरितगृह ग्यास उत्सर्जनको प्रभावबारे विश्लेषण गर्दै यसबाट एसियामा, जीविकोपार्जनको लागि नदी मुहानमा निर्भर ग्रामीण जनता सबैभन्दा नराम्ररी प्रभावित हुने उल्लेख छ ।

तर, बेलायतस्थित इन्टरनेशनल इन्स्टिच्यूट अफ इन्भायरोन्मेन्ट एण्ड डेभलप्मेन्टले चीनको सबैभन्दा धनी महानगरमध्येको एक सांघाई र एसियाका अन्य तटीय सहरहरू जोखिममा रहेको बताएको छ । उनीहरूको आँकडामा सांघाई र चीनको उत्तरमा पर्ने तटीय सहर तिआनजिङमा नदीको सतह सन् २०५० सम्ममा ६० सेन्टिमिटर बढ्न सक्ने उल्लेख छ ।

कोइलाजन्य स्टेशनबाट उर्जा प्राप्त गर्दै आएको चीन भूमण्डलीय उष्णताको कारणको रूपमा रहेको हरितगृह ग्यास उत्सर्जन गर्ने दोस्रो नम्बरको मुलुक हो । असाधारण औद्योगिकीकरणको उत्कर्षमा रहेको चीनले भूमण्डलीय उष्णता बढाउनमा सर्वाधिक जिम्मेवार रहिआएको संयुक्त राज्य अमेरिकालाई यसै वर्ष उछिन्ने केही विज्ञहरूको अनुमान छ ।

चीनको आफ्नै अध्ययनले पनि विद्यमान प्राकृतिक स्रोत यसअघि

नै निकै पातलो भइसकेको तथा मुलुकका अधिकांश आर्थिक केन्द्र होचो तटीय इलाकामा रहेकोले जलवायु परिवर्तनको हिसावले ऊ विशेष जोखिमको स्थितिमा रहेको चेतावनी दिइसकेको छ ।

नगन्य देखिए पनि पानीको सतहमा आउने ६० सेन्टिमिटरको वृद्धि याङ्से नदीको होचो उपत्यकामा अवस्थित सांघाईको लागि ठूलो खतरा हो । याङ्से नदी पूर्वी चिनियाँ सागरमा खनिने यस क्षेत्रको उचाई समुद्र सतहबाट तीनदेखि पाँच मिटर मात्रै छ ।

'समुद्री सतहको यस्तो बढोत्तरीले आर्थिक वृद्धि र समुद्रबाट जमिन पुनर्प्राप्तिबीचको कमजोर सन्तुलनलाई खल्बल्याउन सक्छ' भूगर्भविद् फेङ भन्छन् 'जमिनको बृद्धि मन्द भयो भने, अर्थतन्त्र खस्कन थाल्छ । यो सरकारको लागि सबैभन्दा ठूलो चिन्ता हो ।'

सांघाईलाई संसारकै सबैभन्दा ठूलो निर्माण क्षेत्रको रूपमा लिइन्छ, जहाँ सबै क्रेनको २० प्रतिशत काममा हुन्छन् । पछिल्लो १० वर्षमा निर्माण क्रममा आएको वृद्धिलाई समुद्रबाट निरन्तर पुनर्लाभ भइरहेको जमिनले धानेको छ । सांघाईले प्रत्येक वर्ष झन्डै तीन हजार हेक्टर जमीन समुद्रबाट पुन: प्राप्त गर्दछ ।

समुद्रबाट पुन: प्राप्त गरिएको जमिन अहिले सांघाईको दैनिक जीवनको यस्तो विशेषता भइसकेको छ कि केही मानिसहरू यतिखेर प्राकृतिक सीमानाबारे सोच्नै छाडिसकेका छन् । वित्तीय क्षेत्र पुदोङमा बनाइएको उत्तरआधुनिक विमानस्थलजस्तै सहरका केही नयाँ असाधारण आकर्षणहरू समुद्रबाट पुन: प्राप्त गरिएको जमिनमै बनाइएका छन् । योभन्दा पनि ठूलो कुरा, सहरका नेताहरू सांघाईको चोङमिङ टापुको ओसिलो भूमिमा एकदमै नयाँ आर्थिक सहर खडा गर्नेबारे सोच्दैछन् । यो ठाउँ केही वर्षअघि मात्रै समुद्रबाट पुन: प्राप्त गरिएको हो ।

तर, तटीय भूक्षयले यस्ता परियोजनाहरूलाई ध्वस्त पार्न सक्छ । चिनियाँ विशेषज्ञहरू यतिखेर याङ्से नदीको ठूलठूला छाल आउने मुख नजिकैको वु सोङ कोउ वाइमा समुद्री आँधी रोक्न र बाढीको जोखिम कम गर्न जलद्वार (वाटरगेट) निर्माणको प्रस्ताव अघि सार्दैछन् ।

यो योजना पहिलोपटक सन् १९९० मा ल्याइए पनि कहिल्यै कार्यान्वयन भएन । सन् १९९८ मा चीनले विध्वंशकारी बर्खे बाढीको सामना गर्नुपर्‍यो । त्यतिबेला याङ्से नदीमा आएको बाढीले तीन हजार भन्दा बढीको ज्यान लिनुका साथै एक करोड ४० लाख मानिसलाई घरबारबिहीन बनायो ।

गएको मेमा चिनियाँ मौसमविद्हरूले भूमण्डलीय जलवायु परिवर्तनका कारण यहाँ उष्ण आँधी (टाइफून), बाढी र खडेरीको मात्रा अझ बढ्ने चेतावनी दिएका थिए । यो वर्खामा याङसे नदीमा सन् १९९८ यताकै सबैभन्दा खराब बाढी आउन सक्ने चिनियाँ जलवायु प्रशासनका निर्देशक झेङ गुओगुआङले एउटा पत्रकार सम्मेलनमा बताए ।

चीनले कठोर मौसमी अवस्थाको सामना गर्न कम्मर कस्दा सांघाईमा जलद्वार निर्माण गर्ने प्रस्ताव लामो समयपछि पुन: व्युँतियो र थप अध्ययन सुरु भयो । स्थानीय विज्ञहरू यस्ता जलद्वारको निर्माण विद्यमान समुद्री बाँध उकास्नु र त्यसको सुदृढीकरण गर्नभन्दा किफायती र प्रभावकारी हुने बताउँछन् ।

'असाधारण समुद्री आँधीको परिणामस्वरूप आउने बाढी घटाउने उपायस्वरूप हामी नदीको छालयुक्त मुख नजिकै एउटा जलद्वार निर्माण गर्ने योजनाबारे अध्ययन गर्दैछौं' संघाई जल प्रशासन विभाग अन्तर्गतको सांघाई बाढी जोखिम सूचना केन्द्रका प्रवक्ता झाङ झेन्यु भन्छन् । भूमण्डलीय उष्णता कायम रहेसम्म भविष्यमा समुद्री आँधीको रौद्र रूप नियमित रूपमा बदलिइरहन्छ ।

तियानजिङमा भूस्खलन र बाढी रोक्ने तटीय ग्रेटवाल सरहको सेतुबन्ध खडा गर्न विज्ञहरूले अघि सारेको प्रस्तावले समुद्री छाललाई अघि बढ्नबाट रोक्ने अपेक्षा गरिएको छ ।

तर केही मानिसले त्यस्तो प्रस्तावलाई संकटको गहिराइमा पुग्न नसकेको भन्दै अस्वीकार गरेका छन् । संघाईका एकजना स्तम्भकार चेन वेइहुवा आफ्ना तटीय सहरहरूको दुर्दशापूर्ण स्थितिलाई उछिन्न चीनले समुद्री किनारमा पर्खाल खडा गर्नुभन्दा वातावरणीय बिनास रोक्न सक्नुपर्ने तर्क गर्छन् ।

'सशक्त तटबन्ध निर्माणबाट जनताले सुरक्षित महशुस गर्न सक्दैनन्' चेनले चाइना डेलीमा प्रकाशित एक आलेखमा भनेका छन् 'पछिल्ला दशकहरूमा भति( कएका चीनका मुख्य नदी र तालहरूका असंख्य किल्लाहरूलाई हेर्नुस्, डिसेम्बर २००४ को एसियाली सुनामीलाई हेर्दा बाढी रोक्न खडा गरिएका पर्खालले निश्चयनै विराट क्षति क्षति गराउने देखिन्छ ।'

बिगतमा बेइजिङ उत्सर्जनको ऐतिहासिक थुप्रो खडा गर्नमा औद्योगिक राष्ट्रहरू जिम्मेवार रहेको तर्क गर्दै भूमण्डलीय उष्णता रोक्ने अभियानको नेतृत्व उनीहरूले नै गर्नुपर्ने तर्क गर्थ्यो । जुनको पहिलो साता चिनियाँ नेताहरूले आर्थिक विकासका लागि आफ्ना सम्पूर्ण योजनाहरूमा त्यस्ता उर्त्सजन घटाउने प्रयासहरूलाई एकीकृत गर्ने प्रतिज्ञा गरे पनि तिनीहरूलाई नियन्त्रण गर्न गरिएको आग्रहलाई अस्वीकार गरे ।

# चीनमा खाद्यान्नपछि इन्धन

– अन्तोअनेटा बेज्लोवा

बेइजिङ (आई.पी.एस्./एन्.पी.आई.) – चिनियाँ सर्वसाधारणले प्रमुख उपभोग्य बस्तु, खासगरी सुँगुरको मासुको भाउ आकासिएको अनुभव गर्दा 'तपाईले खाना खानु भो' भन्ने विगतको खाद्यान्न संकटताकाको यहाँको ठट्यौलो अभिवादन पुनः व्युँतिएको छ ।

चीनका आर्थिक क्षेत्रका विचारकहरू पटक्कै खुसी छैनन् । मुद्रास्फीतिले बढाएको सामाजिक अस्थिरताबाट चिन्तित उनीहरू आपतकालका लागि लाखौंको संख्यामा विशेष फार्महरूमा सञ्चित सुँगुरको मूल्य कसरी सन्तुलनमा राख्ने भन्नेबारे गम खाइरहेका छन् ।

छ महिनाभित्रको अवधिमा चिनियाँ नेतृत्वले राजनीतिक रूपले खतरनाक, खाद्यबस्तुको मूल्यबाट उत्पन्न संकट टार्न मुलुकको योजनाबद्ध सञ्चितिमा दोस्रोपटक पुनरावलोकन गर्नुपर्‍यो । खाद्यान्नको मूल्यबृद्धिबाट ढाड सेकिएका सर्वसाधारणलाई राहत दिने उद्देश्यले गत डिसेम्बरमा बेइजिङले भण्डारको केही गहुँ लिलाम गर्न आदेश दियो ।

'पछिल्लो २० वर्षका प्राय: सबैजसो मुद्रास्फीतिजन्य संकटहरू खाद्यान्नको मूल्यबृद्धिबाटै सुरु भएका छन्' बेइजिङ युनिभर्सिटीका अर्थशास्त्रका प्राध्यापक जिआ येलिङ भन्छन् 'ऐतिहासिक रूपमै चिनियाँ जनताले खाद्यान्नलाई आफ्नो पहिलो आवश्यकताको रूपमा लिादै आएका छन् । अधवैंसे र बृद्धहरूलाई खाद्यान्न अभावताकाको स्मरणले अझै पनि सताइरहन्छ छ ।'

सन् १९५० को दशकको उत्तरार्धको बिध्वंशकारी 'महान छलाङ्' ताका कम्युनिस्ट औद्योगिकीकरणसँगै चीनले भोगेको भोकमरी--सम्भवत: मानव इतिहासकै सर्वाधिक ठूलो--ले झण्डै तीन करोड मानिसको ज्यान लिएको छ । त्यसपछि मुलुकको एक अर्ब ३० करोड जनसंख्याको लागि आवश्यक पर्ने खाद्यान्न प्रचुरताको सुनिश्चिततालाई चीनले राष्ट्रिय सुरक्षाको विषयको रूपमा लिन थाल्यो ।

खाद्यान्न र सुँगुरको मासुको मूल्यमा भएको हालैको वृद्धिको दोष इथानोल उद्योगलाई दिइएको छ । इथानोल उद्योगको विस्फोटक वृद्धिले परम्परागत रूपमा मान्छेको लागि र पशुआहारको रूपमा प्रयोग हुँदै आएको चीनको मकै खेतीको बढ्दो हिस्सालाई निलेको छ ।

वर्षौंको लागि पेट्रोलमा मिसाउने वातावरणमैत्री तत्वको उत्पादन प्रवर्द्धन गर्दा चीनका आर्थिक योजनाकारहरू यसको ज्यादै तीब्र गतिप्रति चिन्तित छन् । यसले उनीहरूलाई मुलुकको वातावरणीय मुद्दालाई प्राथमिकता दिने कि खाद्य सुरक्षालाई भन्ने असजिलो द्विविधामा पारिदिएको छ ।

गत मेमा सुँगुरको मासुको मूल्य जाँच्न प्रधानमन्त्री वेन जिआबाओले मध्य चीनको जिआनस्थित मासु बजार भ्रमण गर्दा नेतृत्व तहको चिन्ता स्पष्ट रूपमा अभिव्यक्त भयो । सुँगुरको उत्पादन बढाउन सुँगुर पालक किसानलाई भुक्तानी दिन आग्रह गर्दै प्रधानमन्त्री वेनले सर्वसाधारणलाई परिस्थिति नियन्त्रणमै रहेकोमा पुन: आश्वस्त पारे । मध्य मेतिर सुँगुरको मासुको मूल्य गतवर्षको सोही अवधिको तुलनामा ४३ प्रतिशतले बढेको कृषि मन्त्रालयले जनाएको छ ।

सुँगुरको मूल्य आकासिनुको आंशिक दोष सुँगुरमा फैलिएको संक्रामक रोगलाई दिइएको छ । चीनका २२ वटा प्रान्तमा फैलिएको यो रोगले यो वर्षको पहिलो पाँच महिनामा १८ हजार सुँगुरको ज्यान लिनुका साथै उद्योगलाई नै तहसनहस पारेको थियो । गतवर्ष यो रोगबाट करिब १० लाख सुँगुर मरेका थिए ।

अधिकारीहरूका अनुसार समस्याको जरो रोग होइन । 'मूल्य आकासिनुको कारण गत जुनमा भएको पशुआहार को मूल्यवृद्धि हो' मन्त्रालय मातहतको पशु स्वास्थ्य विभागका निर्देशक जिया योउलिङले जुनको दोस्रो साता आयोजित पत्रकार सम्मेलनमा भने ।

अधिकांश मकैबाट बन्ने सुँगुरको दानाको भाउ मकैको मूल्यवृद्धिसँगै बढ्छ । मन्त्रालयका अनुसार बस्तुको मूल्य गतवर्षको पूर्वार्द्धयता ३० प्रतिशतले बढेको छ ।

योभन्दा बढी के हो भने, उत्पादकहरूले वार्षिक करिब ३० लाख टन मकैलाई इथानोलमा बदल्न सरकारले तोकेको सीमाको

वेवास्ता गर्दै सन् २००६ मा एक लाख ६० हजार टनसम्म मकैलाई इथानोलमा बदलेको मन्त्रालयले गत अप्रिलमा बताएको थियो ।

चीनले मुलुकको खन्चुवा उर्जा-भोक टार्न र आयातित इन्धनमाथिको निर्भरता घटाउन इथानोल जस्तो जैविक इन्धनको उत्पादन र नवीकरणीय श्रोतहरूबाट जैविकीय डिजेलको उत्पादनलाई प्रोत्साहन गर्दै आइरहेको छ ।

जैविक इन्धनलाई तेल प्रदूषणजन्य वातावरणीय समस्याको लागि रामवाणको रूपमा प्रचारप्रसार गरिएको छ । चिनियाँ योजनाकारहरूले मुलुकको पाँचवर्षे आर्थिक योजनामा हरितउर्जाको विकासलाई प्रमुख प्राथमिकता दिएका छन् ।

सन् २०२० सम्ममा उनीहरू नवीकरणीय उर्जालाई मुलुकको कूल उर्जा आपूर्तिको १५ प्रतिशत पुऱ्याउन चाहन्छन् । जबकी जैविक इन्धन बजारमा तुलनात्मक रूपमा अरुभन्दा पछि आएको चीन संयुक्त राज्य अमेरिका र ब्राजिल पछिको तेस्रो ठूलो उत्पादकको रूपमा स्थापित भइसकेको छ ।

चीनको सर्वोच्च योजना नियोग राष्ट्रिय विकास तथा सुधार आयोग (एनडीआरसी) ले गत डिसेम्बरमा मुलुकको इथानोल क्षमता एक करोड टन पुगेको बताएको थियो । यो मुलुकका चार--जिलिन, हेलिङजाङ, अन्हुइ र हेनान प्रान्तमा अवस्थित--कारखानाको स्वीकृत परिमाणको दस गुणा हो ।

लाइसेन्स नपाएको सानो समूहबाट पनि थप इथानोल उत्पादन भइरहेको छ । सो समूहले आफ्नो उत्पादन सरकारी स्वीकृति प्राप्त मिल र तेल प्रशोधन केन्द्रलाई बेच्ने गरेको छ । इथानोल बेच्न तोकिएका नौ प्रान्तमध्येको एक जिलिङमा मात्र चार सयभन्दा बढी इथानोल कारखाना छन् । यी सबैले मकैबाटै इथानोल उत्पादन गरिरहेका छन् ।

इथानोल उद्योगको विस्फोटक वृद्धिले मुलुकको खाद्यान्न भण्डारमा ठूलो खाडल पारिरहेकोले केन्द्रिय सरकारले गत डिसेम्बरमा मकैमा आधारित नयाँ इथानोल उद्योगलाई अनुमति दिन रोक्यो । सरकारले सबै उद्योगलाई मकैबाट इथानोल उत्पादन गर्न नदिने घोषणा गर्दै जुनमा अर्को कदम चाल्यो ।

राज्य परिषद अर्थात चीनको मन्त्रिपरिषदले कृषियोग्य जमिनको अतिक्रमण, ठूलो परिमाणमा खाद्यान्न प्रयोग र वातावरणीय विनास नहुने गरी इथानोल उत्पादन गर्नुपर्ने निर्णय लिएको एनडिआरसीका वरिष्ठ अधिकारी सिओङ बिलिङले बताए ।

तीन वर्षसम्म ज्यादै बाली भित्र्याए पनि चिनियाँ योजनाकारहरू तीब्र गतिमा कृषिभूमी खुम्चिादै गएकोले निकट भविष्यमै खाद्यान्न आपूर्तिमा नकारात्मक प्रभाव पर्छ कि भनी चिन्तित छन् । सन् १९९९ देखि सन् २००५ सम्ममा चीनको कृषिभूमि ८० लाख हेक्टरले खुम्चिएको छ ।

'मुलुकले खाद्यान्नमा आधारित नयाँ इथानोल उद्योगलाई अनुमति दिने छैन' सिओङले जुनको पहिलो साता बेइजिङमा आयोजित विकास मञ्चमा भने 'हाल मकैबाट इथानोल उत्पादन गरिरहेका चारवटा प्लान्टलाई नयाँ स्रोतमा बदल्न भनिएको छ ।'

तर, यसले मकैबाट इथानोल उत्पादन गर्ने कार्यलाई नरोक्न सक्छ । चिनियाँ पत्रपत्रिकामा प्रकाशित समाचार अनुसार आन्तरिक मकै प्रशोधकहरूले सरकारले आफ्नो अडानलाई खुकुल्याउने बित्तिकै क्षमता विस्तार गरिरहेको उल्लेख छ ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :** ____________________
____________________
____________________
____________________


npiktm@wlink.com.np